विराटनगर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ

प.सं. मिति: २०८३-०६-२१

च.नं.

## लागत अनुमान तयार गर्ने प्रयोजनार्थ दररेट (Rate) पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुमा जडान तथा प्रयोगमा रहेका **CCTV Camera तथा सम्बन्धित उपकरण, Network/Networking Equipment, Desktop Computer, Laptop, Printer, IP Phone/Telephone तथा अन्य सूचना प्रविधि (IT) उपकरणहरूको वार्षिक मर्मत तथा सम्भार (Annual Maintenance) सेवा** उपलब्ध गराउने सम्बन्धमा आ.व. २०८३/०८४ का लागि लागत अनुमान तयार गर्नुपर्ने भएकोले स्थानीय बजारको प्रचलित दररेट आवश्यक परेको हुँदा यस कार्यालयमा सूचीकृत भएका तथा सेवा प्रदान गर्न इच्छुक सम्बन्धित फर्म/कम्पनी/सेवा प्रदायकहरूबाट संलग्न विवरण/स्पेसिफिकेशन बमोजिमका सेवा तथा कार्यहरूको **मु.अ.कर बाहेकको दररेट** उपलब्ध गराइदिनुहुन अनुरोध छ।

दररेट पेश गर्दा बजारमा प्रचलित वास्तविक दररेटभन्दा फरक नपर्ने गरी **प्रति इकाई/प्रति उपकरण/प्रति सेवा आवश्यकतानुसार स्पष्ट रूपमा उल्लेख गरी** यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिनभित्र** यस कार्यालयमा उपस्थित भई वा कार्यालयको इमेलमार्फत दररेट पेश गर्न सकिनेछ।

**दररेट पेश गर्ने इमेलः** info@biratnagarmun.gov.np

### मर्मत तथा सम्भार अन्तर्गत समावेश हुने IT उपकरणहरू

१. CCTV Camera, DVR/NVR तथा CCTV सम्बन्धित उपकरण
२. Network Switch, Router, Firewall, Access Point लगायत Networking Equipment
३. Desktop Computer तथा सम्बन्धित Accessories
४. Laptop Computer तथा सम्बन्धित Accessories
५. Laser/Inkjet/Multifunction Printer लगायत Printing Equipment
६. Telephone/IP Phone तथा Telephone सम्बन्धित उपकरण
७. UPS, Power Backup तथा अन्य IT Power Equipment
८. Server तथा Server सम्बन्धित उपकरणहरू
९. Scanner, Biometric/Attendance Device लगायतका IT उपकरणहरू
१०. अन्य सूचना प्रविधि उपकरण तथा Accessories

फोन नं. : ९७७-२१-५७७३८८, ५१४०७०, ५१३५२५, टोल फ्रि : १६६०२१४२२२२, ईमेल : Info@biratnagarmun.gov.np

विराटनगर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ

प.सं.
च.नं.

मिति: २०८२।०६।२१

नोटः

१. दररेट **मु.अ.कर बाहेक** पेश गर्नुपर्नेछ।

२. दररेट पेश गर्दा सम्बन्धित उपकरणको **मोडेल/स्पेसिफिकेशन, मर्मत सेवाको प्रकार तथा प्रति इकाई दर** स्पष्ट खुलाउनुपर्नेछ।

३. दररेट पेश गर्नुको उद्देश्य **लागत अनुमान तयार गर्नु मात्र** रहेको र यसबाट कुनै प्रकारको खरिद/सम्झौता गर्ने दायित्व सिर्जना नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

४. दररेट पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन दररेट पेश गर्न सकिनेछ।

५. दररेट साथ संलग्न गर्नुपर्ने कागजातहरूः

- यस विराटनगर महानगरपालिकामा सूचीकृत भएको प्रमाण
- फर्म/कम्पनी/व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि
- PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि
- आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित IT Equipment को मर्मत तथा सम्भार सेवा प्रदान गर्न सक्ने प्रमाण/अनुभव विवरण

६. थप जानकारीका लागि यस कार्यालयको सूचना प्रविधि शाखामा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**
विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ